लोमन्थाङ गाउँपालिका
ཡུལ་གྲོགས་ལོ་མོ་ཐང་ཀུན་ལྡན་ཚན་རིག
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०८२/०८३
सूचना नं:. २२

सूचना। सूचना। । सूचना। । ।

न्यूनतम रोजगारीमा संलग्न हुनका लागी निवेदन दिने सम्बन्धमा।

प्रकाशन मितिः- २०८२।११।१७

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११. रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका २०८२ को दफा १७ बमोजिम आगामी आर्थिक वर्ष २०८३।८४ मा यस लोमन्थाङ गाउँपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न ईच्छुक १८ देखि ५९ वर्ष सम्मका बेरोजगार व्यक्तिहरुले २०८२ फागुन मसान्त भित्र आफुले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन बेरोजगार फाराममा विवरण प्रविष्ट गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। निवेदन फारम सम्बन्धीत वडा कार्यालय, रोजगार सेवा केन्द्र र गाउँपालिकाको वेव साईट www.lomanthangmun.gov.np बाट प्राप्त गर्न सकिने छ। निवेदन दिनका लागी न्यूनतम योग्यता र आवश्यक कागजातको तपशिल बमोजिम रहेका छन्। थप जानकारीका लागी रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न अनुरोध छ।

तपशिलः-

१. निवेदको नेपाली नागरिकताको प्रमाण प्रत्रको प्रतिलिपि १ प्रति।
२. निवेदकले हालसालै खिचिएको पासपोर्ट साईजको फोटो १ प्रति।
३. परिवारमा रहेका व्यक्तिहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि (१/१ प्रति अनिवार्य)
४. बसाईसराई भए सो को प्रमाण पत्रको प्रतिलिपि १ प्रति।
५. सम्बन्धित व्यक्ति वा परिवारको सम्पर्क नम्बर (अनिवार्य)
६. बैंक खाताको विवरण (उपलब्ध भए सम्म) र वार्षिक पारिवारिक आम्दानी।

बलराम पाठक
प्रशासकीय अधिकृत (सातौं)

कार्यालय फोन नं. ९८५७६३०३३०
Email: lomanthanggaupalika@gmail.com
Website: www.lomanthangmun.gov.np